# मकवानपुरगढी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन २०८१)

**प्रस्तावना**

नेपालको स्वास्थ्य क्षेत्रमा विगत देखि नै महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको, महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई गाउँपालिकाबाट न्यूनतम सुविधा दिई गाउँपलिकाबाट दिएको स्वास्थ्य सेवाको क्रियाकलापलाई प्रभावकारी बनाउदै लगिएको सन्दर्भमा स्वास्थ्य क्षेत्र मार्फत गाउँपालिकालाई मानव विकास सूचकाङ्कमा अगाडि बढाई सक्षम गाउँपालिका बनाउन निरन्तर रुपमा खटिएका स्वास्थ्य क्षेत्र सुधारका बाहक महिला स्वयंसेविकाहरुलाइ न्यूनतम् सेवा सुविधा उपलव्ध गराउन कार्यविधि आवश्यकता भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा मकवानपुरगढी गाउँपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ बमोजिम मकवानपुरगढी गाउँपालिकाको मिति २०७७ बैशाख १६ को कार्यपालिकाको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएकोमा मकवानपुरगढी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन,२०७५ को परिच्छेद ३ दफा १७ र १८ को व्यवस्था साथै मकवानपुरगढी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७७ को बूँदा नं. ९ बमोजिम मकवानपुरगढी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन २०८१) मकवानपुरगढी गाउँपालिकाको मिति २०८१ कार्तिक २९ को कार्यपालिकाको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०७७ रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "गाउँपालिका" भन्नाले मकवानपुरगढी गाउँपालिकालाई सम्झनु पर्छ

(ख) "कार्यविधि" भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन २०८१) समेतलाई सम्झनु पाई।

(ग) "कार्यपालिका" भन्नाले मकवानपुरगढी गाँउ कार्यपालिका लाई सम्झनु पर्छ ।

(घ) " महिला स्वयं सेविका " भन्नाले मकवानपुरगढी गाउँपालिका अन्तर्गतका वडाहरुमा वडामा गठन भएका स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरूमा सहयोग पु-याउने स्वयंसेवी महिलालाई जनाउँछ। साथै यस शब्दले साबिक बमोजिम कार्यरत साथै नयाँ नियुक्ति हुने महिला सामुदायिक



मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, बागमती प्रदेश, नेपाल

सुधीर नापित प्रमुख प्रशासकीय अधिकृत

स्वास्थ्य स्वयंसेविका सम्झनु पर्दछ ।

(ड) " स्वास्थ्य संस्था " भन्नाले यस गाउँपालिका भित्र संचालनमा रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइ " सम्झनु पर्छ ।

(च) " स्वास्थ्य शाखा " भन्नाले मकवानपुरगढी गाउँपालिकामा रहेको स्वास्थ्य शाखालाई सम्झनुपर्छ

(छ) " स्वयंसेविका छनौट समिति" भन्नाले स्वयंसेवक नियमानुसार महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका छनोट समितिलाई सम्झनुपर्छ ।

(ज) " अध्यक्ष " भन्नाले मकवानपुरगढी गाउँकार्यपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) " प्रमुख प्रशासकिय अधिकृत " भन्नाले मकवानपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) " सेवा सुविधा " भन्नाले यस गाउँपालिकाको गाउँ सभाबाट स्विकृत भइ महिला स्वयम् सेविकालाइ प्रदान गर्ने भनेको सबै सेवा सुविधा सम्झनु पर्छ ।

(ट) " रणनीति" भन्नाले "राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन २०७६)" सम्झनु पर्दछ ।

**३. उद्देश्य**

(क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई काममा उत्प्रेरणा जगाउन,

(ख) गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरी निर्धारीत समयमै लक्ष्य हासिल गर्न,

(ग) मासिक नियमित बैठक मार्फत स्वास्थ्य क्षेत्रको प्रगती प्राप्त गर्न,

(घ) संघीय, प्रादेशिक तथा गाउँपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रवर्द्धन सम्बन्धि लक्ष्य तथा उद्देश्य हासिल गर्न,

**४. महिला स्वयंसेविका नियुक्ती सम्बन्धी व्यवस्था**

संघीय, प्रादेशिक तथा गाउँपालिकाको नीति नियम अनुसार सबै वडाहरुमा महिला स्वयंसेविकाहरु नियुक्ती र परिचालन गरिने छ। नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन २०७६) को बूँदा २.३.२ (क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट, (ख) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका पद रिक्त हुने अवस्था, (ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट, (घ) कार्य अवधि, (ङ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बिदाइमा भएका प्रावधान बमोजिम हुनेछ ।

**५. महिला स्वयंसेविकाको परिचालनः** सघिय, प्रादेशिक तथा गाउँपालिका सरकारले घोषणा गरे अनुसार विभिन्न कार्यक्रमहरुको लागि परिचालन गरिनेछ ।

**६. महिला स्वयंसेविकालाई प्रदान गरिने सेवा सुविधा**

(१) यस मकवानपुरगढी गाउपालिकाले तपसिल बमोजिमका सेवा सुविधा उपलव्ध गराइने छ ।

(क) मासिक सेवा सुविधा,

(ख) वार्षिक एक पटक पोसाक भत्ता,

(ग) बार्षिक एक पटक चाडपर्व खर्च,

(घ) प्रत्येक महिना स्वास्थ्य संस्थामा बस्ने मासिक बैकठकमा खाजा खर्च,

(ङ) बार्षिक रुपमा बन्दोबस्तीका सामानहरु ।

(२) यस कार्यविधिको (६) (१) मा उपलब्ध गराउने सेवा सुविधाहरुको दर रेट प्रत्येक वर्ष बस्ने गाउँ सभावाट विनियोजित रकम तथा निर्णयको आधारमा उपलब्ध गराइने छ ।

(३) यस कार्यविधि अनुसार महिला स्वयम सेविकालाइ प्रदान गरिने सेवा सुविधि नियमानुसार मासिक रुपमा उनिहरुको बैंक खातामा प्रदान गरिनेछ ।

(४) महिला स्वयंसेविकाहरुको मासिक बैठकमा आउने प्रतिवेदहरुलाइ स्वास्थ्य संस्थाले स्वास्थ्य शाखामा मासिक रुपमा पठाए पछि सेवा सुविधा वैक मार्फत भुक्तानी गरिने छ ।

(५) स्वयंसेविकाले स्वास्थ्य संस्थाहरुले तोकेको मितिमा हुने मासिक बैठकमा आउँदा सो महिना आफुले सम्पन्न गरेका कार्यहरु तोकिए बमोजिमको ढाँचामा प्रतिवेदन र आमा समूह बैठकको पूस्तिका सहित पेश गर्ने र रुजु गराउनु पर्दछ। अन्यथा तोकिएको सेवा सुविधा दिन गाउँपालिका कार्यालय बाध्य हुने छैन।

(६) बूँदा नं. ६ (२) संग सम्बन्धित स्वयंसेविकाले पाउने सुविधा अनुसूची १ बमोजिम हुनेछ।

**९. थपघट र हेरफेर**

मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्य नजर गरी मकवानपुरगढी गाउँपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**१०. वाधा अड्काउ फुकाउ**

यो कार्यविधि उल्लेख नभएको विष्यमा कुनै नितिगत व्यवहारीक वा कार्यसम्पादन सम्वन्धी समस्या आइ परेमा गाउ कार्यापालिकाले बाधा अड्काउ फुकाउ कार्य सम्पादन गर्न सहजिकरण गर्न सक्ने छ।

**११. बचाउ तथा खारेजी**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुस्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

# अनुसूची-१

दफा ६ (२) संग सम्बन्धित स्वयंसेविकाले पाउने सुविधा

| सि.नं. | क्रियाकलाप | बर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिर्घ सेवा सम्मान वापत बिदाई खर्च | २० वर्षभन्दा बढी अवधि सेवा गरेका | रु.५०,०००/- | एकमुष्ठ |
| | | २० वर्ष भन्दा कम अवधि सेवा गरेका | प्रति वर्ष रु.२,५००/- का दरले | |
| २ | मासिक बैठक, खोप /गाउँघर क्लिनिक /आमा समूह बैठक लगायत कार्यका लागि यातायात खर्च | प्रति महिना | रु. २,०००/- | |
| ३ | बार्षिक चाड पर्व खर्च | प्रति वर्ष | रु.२,०००/- | |
| ४ | मासिक बैठक, खोप /गाउँघर क्लिनिक लगायतमा खटिएको दिनको लागि खाजा खर्च | प्रति बैठक/क्लिनिक | रु.१५०/- | |
| ४ | कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका बिमा सहायता | प्रति वर्ष/प्रति परिवार | रु १,७५०/- | |
| ५ | निरन्तर ५ वर्ष महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा सेवा गरी विदाई भएकाको हकमा ६० देखि ७० वर्ष उमेर सम्मको लागि स्वास्थ्य बिमा बापत | प्रति वर्ष | रु ३,५००/- | |